जापान पोष्ट बैंकसँग कारोबार गर्ने विदेशी ग्राहकहरूलाई

■ खाता खोल्दा वा विभिन्न प्रक्रियाहरू पूरा गर्दा राष्ट्रियता, निवास स्थिति, र निवास अवधि प्रमाणित गर्न कृपया कर्मचारीहरूलाई आफ्नो निवास कार्ड देखाउनुहोस्।

※ यदि आफ्नो निवास कार्ड नवीकरण गर्नुभयो भने, कृपया प्रक्रियाहरूको क्रममा जानकारी दिनुहोस्।

※ कूटनीतिज्ञहरू र अन्य जसलाई निवास कार्ड जारी गरिएको छैन उनीहरूले यसलाई देखाउन आवश्यक छैन।

■ यदि निवास अवधि खाता खोल्नको लागि आवेदन गरेको मितिबाट तीन महिना भित्र समाप्त हुन्छ भने, खाता खोल्न सक्नुहुन्न।

यदि जापानमा बसिरहने योजनामा हुनुहुन्छ भने, कृपया आफ्नो निवास अवधि नवीकरण गरी नयाँ निवास कार्ड प्राप्त गरेपछि खाता खोल्नको लागि आवेदन दिनुहोस्।

※ जापान प्रवेश समयमा निर्धारण गरिएको बसोबास अवधि 3 महिनाभन्दा कम छ र तपाइँलाई आवास कार्ड जारी गरिएको छैन भने, जापान पोष्ट बैंक वा हुलाक कार्यालयहरूमा खाता खोल्न सक्नुहुन्न।

※ निवास स्थिति वा निवास अवधि नवीकरण गर्ने प्रक्रियामा रहेकाहरूका लागि, कृपया नवीकरण पछि आफ्नो नयाँ निवास कार्ड लीएर आउनुहोला ।

■ कृपया विद्यार्थी परिचय पत्र वा कर्मचारी परिचय पत्र देखाउनुहोस।

निवास स्थिति "留学 (बैदेशिक अध्ययन)" वा "技能実習 (प्राविधिक प्रशिक्षण)" हुने व्यक्तिले, विद्यालय जादै अथवा कम्पनीमा काम गर्नु हुन्छ भन्ने प्रमाणित गर्नको लागि कृपया निवास कार्डको साथ विद्यार्थी परिचयपत्र वा कर्मचारी परिचयपत्र देखाउनुहोस।

※ जापान पोष्ट बैंक वा हुलाक कार्यालयहरूले विद्यालय वा कार्यस्थलमा सम्पर्क गर्न सक्छन्।

■ खाता खोल्न समय लाग्न सक्छ।

सम्बन्धित कानून र नियमहरूको आधारमा, विभिन्न जाँचहरू सञ्चालन गरिने भएकोले आवेदन दिएको दिनमा खाता खोल्न नमिल्ने र, पासबुक पछि घरमा पठाइने अवस्था पनि हुन सक्छ।
केही अवस्थामा, खाता खोल्ने आवेदन अस्वीकृत हुन सक्छ।

■ अन्य महत्वपूर्ण सूचनाहरू

- पेश गर्नु भएको प्रमाणपत्र कागजातको फोटोकपी गरिनेछ।
- **यदि ठेगाना वा नाम परिवर्तन गरी, निवास कार्ड नवीकरण गर्नुभयो भने, कृपया तुरुन्तै नयाँ निवास कार्ड लिएर काउन्टरमा प्रक्रियाहरू पूरा गर्नुहोस्।**
- **यदि परिवर्तनको जानकारी दिनुभएन भने, कारोबार अस्थायी रूपमा प्रतिबन्धित हुन सक्छ।**
- यदि आफूलाई गैर-निवासी घोषणा गर्नुभयो र पछि निवासीमा परिवर्तन गर्नुभयो भने, कृपया तुरुन्तै काउन्टरलाई जानकारी गर्नुहोस्।
- **आफ्नो देश फर्किंदा वा जापान बाहिर बसाई सर्दा, खातालाई अनिवार्य रूपमा बन्द गर्नुहोस्।**
- तेस्रो पक्षको प्रयोगको लागि **खाता (पासबुक, ATM कार्ड) को स्थानान्तरण वा किनबेच अपराध हो। यस प्रकारको गतिविधि कदापि नगर्नुहोस्।**

अगाडिको पृष्ठ

पछाडिको पृष्ठ

स्रोत: जापानको अध्यागमन सेवा एजेन्सी वेबसाइट

【改正年月日:2024. 10. 1】